विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०९/१९ मा बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन सम्बन्धमा। | सेवा प्रदायक संस्था गभर्नेस इनोभेटिभ रिसर्च सेन्टर प्रा.लि.,काठमाण्डौले तयार गरी पेस गरेको विराटनगर महानगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन उपर छलफल गरियो। महानगरपालिकाको प्रस्तावित संगठन संरचना एवम् दरबन्दी तेरिज लगायतका विषयमा थप अध्ययन तथा राय-परामर्श गरी आवश्यक सुझावसहित प्रतिवेदन पेस गर्न देहाय बमोजिमको अध्ययन समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१) श्री शिल्पा निराला कार्की, उपप्रमुख – संयोजक<br>(२) श्री जितन थापा, वडा अध्यक्ष, वडा नं.४ – सदस्य<br>(३) श्री मधुबाबु तिवारी, वडा अध्यक्ष, वडा नं.७ – सदस्य<br>(४) एक जना विज्ञ सदस्य (संयोजकले तोकेको) – सदस्य<br>(५) श्री अर्जुन थपलिया, सामान्य प्रशासन महाशाखा प्रमुख – सदस्यसचिव |
| २ | विविध। | (क) महानगरपालिकाका प्रमुखज्यूको सुरक्षाका लागि जिल्ला प्रहरी कार्यालय, मोरङबाट निजी सुरक्षाकर्मी उपलब्ध हुँदै आइरहेकोमा हाल फिर्ता गरिएको हुँदा महानगरपालिकाले सम्पादन गर्ने केही काम तथा निर्णय संवेदनशील रहने र सोको मुख्य जबाफदेही प्रमुख हुने भएका कारण सुरक्षाको दृष्टिकोणले प्रमुखज्यूलाई निजी सुरक्षाकर्मी अत्यन्तै जरुरी भएकाले उपलब्ध गराइदिनको लागि जिल्ला प्रशासन कार्यालय, मोरङलाई अनुरोध गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को १०२(२) मा भएको व्यवस्था बमोजिम "प्रारम्भिक बाल विकास तथा शिक्षा निर्देशिका, २०७९" र "प्रसुति सट्टा शिक्षक व्यवस्थापन मापदण्ड, २०७९" सर्वसम्मतिले स्वीकृत गरियो।<br>(ग) वडा नं.१/३ अन्तर्गतको पुष्पलाल चोकदेखि दक्षिण सडकमा Road Marking Paint कार्य गर्नका लागि लागत अनुमान अनुसारको रु.९,९९,५४०।८३ रकम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी आ.व. २०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेट किताबको पाना नं.८१/सि.नं.३२५ को House number plating and road signage शीर्षकबाट व्यवस्था गर्ने र उक्त शीर्षकमा बाँकि रहेको रकम सोही शीर्षकमा खर्च गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(घ) मिति २०७९/०७/०३ मा बसेको नगर कार्यपालिकाको बैठकको निर्णयानुसार सेवा परिवर्तन मार्फत व्यवस्थापन गरिएका नगर प्रहरी जवानहरूका लागि १७ (सत्र) सेट प्रहरी पोशाक खरिद गर्न आवश्यक बजेट आगामी नगर सभाबाट अनुमोदन हुनेगरी विविध शीर्षकबाट व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

(ङ) आ.व.२०७९/०८० को बजेट तथा कार्यक्रममा नगरस्तरीय योजना अन्तर्गत (बजेट किताबको पाना नं.२०३, क्र.सं.८०) वडा नं.६ स्थित एकता मार्ग ग्राभेल तथा नाला निर्माण शीर्षकमा रु.६,००,०००।० रकम विनियोजन भएकोमा सो योजना कार्यान्वयनका लागि प्राविधिक लागत अनुमान रु.११,५६,३२७।९२ हुन आएकोले अपुग रकम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी मर्मत सम्भार कोषबाट व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(च) विराटनगर महानगरपालिका वडा नं.८ स्थित देहायका बाटो तथा नालाहरू तत्कालै निर्माण गर्नु जरुरी रहेकाले आगामी नगर सभाबाट अनुमोदन हुनेगरी बजेट व्यवस्था गरी देहाय बमोजिमका आयोजनाहरू सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(१) मोहमद समसुरको घरदेखि पूर्व सिंघिया खोलासम्म नाला – रु.२०,००,०००।–

(२) समावेशी मार्ग कुमोद अधिकारी र कमल अधिकारीको घर जाने बाटो पिच – रु.३०,००,०००।–

(३) रामु राजवंशीको घरदेखि पूर्व विनोद यादवको घरसम्म नाला निर्माण – रु.४०,००,०००।–

(४) त्रिशक्ति चोक/मार्गमा रिटेनिङ वाल – रु.१०,००,०००।-

(छ) विराटनगर १२, कामत चोक स्थित सडक क्षेत्रभित्र पर्ने जग्गामा विगत लामो समयदेखि बसोबास गर्ने अर्जुन कामतको घर सडक विस्तारको क्रममा भत्किने भएकोले तत्काल बसोबास व्यवस्थापन गर्न राहत सहयोग स्वरुप निजलाई रु.३ लाख रकम विविध खर्च शीर्षकबाट उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।

(ज) विराटनगर महानगरपालिका तत्कालीन उप-महानगरपालिका रहेकै अवस्थामा बालमैत्री नगर घोषणा भएको एवम् हाल मानव सेवा आश्रमसँगको सहकार्यमा असहाय तथा सडक व्यक्तिहरूको व्यवस्थापन गर्दै आइरहेको हुँदा सडक बालबालिका तथा आश्रयविहीन व्यक्ति नभएको नगर कायम गरी उक्त कार्यलाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिने सर्वसम्मतिले निर्णय गरियो।

(झ) विराटनगर महानगरपालिका क्षेत्रभित्र नेपाल खानेपानी संस्थान लगायत जामुनगाछी, मानगढ र बखरी खानेपानी उपभोक्ता समितिहरूले खानेपानी पाइपलाइन विस्तार गरी खानेपानीको उपलब्धतालाई सहज बनाएको र पाइपलाइन विस्तार नभएका क्षेत्रमा ट्युववेलमार्फत खानेपानीको व्यवस्था रहेकोले सम्पूर्ण नगरक्षेत्रमा खानेपानीको उपलब्धता सुनिश्चित भएको निर्णय गर्दै सम्बन्धित सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरेर पाइपलाइन विस्तार नभएको क्षेत्रमा समेत खानेपानी पाइपलाइन विस्तार गरी सफा, शुद्ध र गुणस्तरीय खानेपानी उपलब्ध गर्न/गराउन आवश्यक पहल गर्ने सर्वसम्मतिले निर्णय गरियो।

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | | (ञ) महानगरपालिका क्षेत्रभित्रका सम्पूर्ण वडाहरूमा धेरैजसो सडक विस्तार भइसकेकोले हाल कायम रहेका सडकको स्तरोन्नतिमा लगानी गर्नुपर्ने आवश्यकता देखिएको हुँदा सोही बमोजिम गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल